# धर्मदेवी नगरपालिका

मुडेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल


प.सं. :- २०८१/८२
च.नं. :-

## प्रेस विज्ञप्ती

आदरणीय धर्मदेवी निवासी आमा-बुवा, दिदी-बहिनी, दाजु-भाइ, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज एवं सम्पूर्ण महानुभावहरु,

नेपालको संविधान २०७२ सालमा जारी भई सङ्घीयता कार्यान्वयनको क्रममा मिति २०७४ सालमा स्थानीय तहको पहिलो निर्वाचन सम्पन्न भई ५ वर्षे कार्यकाल समाप्त भएको र मिति २०७९ जेठ महिनामा दोस्रो निर्वाचन सम्पन्न भई हाल मेरो नेतृत्वमा धर्मदेवी नगर सरकार सञ्चालनमा रहेको छ । यस अवसरमा हामीलाई यो अधिकार दिलाउन विभिन्न आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहितहरु प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु ।

आदरणीय महानुभावहरु संविधानको भावना र मर्म अनुसार स्थानीय सरकारले प्रत्येक वर्षको आषाढ १० गतेभित्र आगामी आर्थिक वर्षको लागि नीति, कार्यक्रम तथा बजेट पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । सोहि व्यवस्था अनुसार धर्मदेवी नगरपालिकाले मिति २०८१।०३।०९ गते नीति कार्यक्रम तथा बजेटको प्रारम्भिक सिलिङ पास गरी मिति २०८१।०३।२९ गते नगर सभा सम्पन्न गर्ने निर्णय भई सबै सभाका सदस्यहरुमा सूचना जारी गरियो ।

आर्थिक वर्ष २०८१।८२ को लागि बजेट आषाढ महिनाभित्र नै पारित गर्नुपर्नेमा केहि सदस्यहरुले बहुममतको नाममा बैठकमा उपस्थित नहुने र नगरका काम कारवाहिलाई प्रभाव पार्ने उद्देश्यका साथ बैठकमा अनुपस्थित रहने एवं उपस्थित भएता पनि विचमा नै छोडेर हिड्ने जस्ता कार्यहरु भए। यस्ता कार्यले नगरको नियमित काम कारवाहीलाई समेत प्रभावित बनायो।

"स्वच्छ, सुन्दर घर, गाउँ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर" भन्ने नारालाई सार्थक बनाउने उद्देश्यका साथ तयार गरिएको आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रममा जनताको प्रत्यक्ष सरोकारको विषय, विपन्न गरिब परिवारको घरको फुसको छाना हटाउने कार्यक्रम आगलागी नियन्त्रणको लागि मुडे बजारमा विषेश अग्नि नियन्त्रण कार्यक्रम, बहुउपयोगी धर्मदेवी सामुदायिक पुस्तकालय निर्माण, गुणस्तरीय शिक्षाका लागि शैक्षिक सुधार कार्यक्रम एवं नगरको विकासको लागि सडक निर्माण, मुडे-मदामसिं, याक्खा चौक-बिहीबारे-मुलगाउँ सडक, मुडे-केवावेशी सडकलाई विशेष प्राथमिकता र जनताको घरदैलोमा दिने सेवालाई अझ प्रभावकारी बनाउन नगरपालिकाको भवन र वडा कार्यालय भवन निर्माणलाई प्राथमिकतामा राखी तयार गरिएको बजेट तथा कार्यक्रमले जनताको भावनालाई सम्बोधन गर्छ भन्ने बुझी नगर सरकार एवं नगर प्रमुखलाई असफल बनाउन बहुमतको नामले आफैले निर्धारण गरेको बैठक र सभा

नगर प्रमुख


फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

"स्वच्छ,सुन्दर घर, गाउँ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर"

# धर्मदेवी नगरपालिका

मुडेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल


प.सं. :- २०८१/८२
च.नं. :-

बैठकमा अनुपस्थित रही समग्र नगरपालिकाको काम कारवाहीलाई असफल बनाउने उद्देश्य रहेको देखिन्छ ।

यस अवस्थामा नगर प्रमुख तथा सम्पूर्ण सदस्यहरुले जिम्मेवारी महसुश गर्दा नगरका काम कारवाहीलाई नियमित सञ्चालन गर्नु हाम्रो कर्तव्य हो ।

यस विषयलाई मध्यनजर गर्दै धर्मदेवी नगरपालिकाको नगर सरकारको सरकार प्रमुखको हैसियतले बैठक नियमित गर्नु मेरो कर्तव्य हो । नगरको बजेटको शुन्यतालाई अन्त्य गर्न र जनतालाई प्रदान गर्ने सेवा सुविधा तथा जनताका प्रत्यक्ष सरोकार राख्ने योजना कार्यक्रम र विकास निर्माणका कार्यलाई निरन्तरता दिन कोशी प्रदेश सरकारबाट जारी गरिएको "गाउँ सभा र नगर सभा सञ्चालन गर्न बनेको ऐन, २०७५" को दफा १४ को उपदफा (१) बमोजिम मिति २०८१।०३।२९ गते बिहान १०:३० बजे बोलाएको बैठकमा गणपूरक संख्या नपुगी पुनः दफा १४ को उपदफा (२) बमोजिम बैठक आह्वान गरिएको र सो उपदफा (२) बमोजिम समेत गणपुरक संख्या नपुगेकोले पुनः उपदफा (३) बमोजिम बैठकको सूचना जारी गरिएको र उपदफा (३) बमोजिम जारी गरिएको सूचना बमोजिम समेत गणपुरक संख्या नपुगेकोले उपदफा (४) बमोजिम एक तिहाई सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानिने छ भन्ने उल्लेख भए अनुसार सभामा उपस्थित सदस्यलाई आधार मानी बाह्रौं नगर सभा सम्पन्न गरिएको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

यसबाट धर्मदेवी नगरपालिकाको बजेटको शुन्यता हुने अवस्थालाई अन्त्य गरी नगरको नियमित कामबारवाही र विकास निर्माणका काममा अझ प्रभावकारीता आउँछ भन्ने आसा र विश्वास लिएको छु ।

स्विकृत योजना तथा कार्यक्रम पूर्ण रुपमा सफल बनाउन यहाँहरुको अमूल्य सल्लाह, सुझाव र सहयोगको अपेक्षा साथ बजेट, कार्यक्रम तयार गर्न विभिन्न क्षेत्रबाट सल्लाह सुझाव र सहयोग गर्नुहुने विभिन्न राजनैतिक दल, सङ्घ, संस्था, नागरिक समाज, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, सञ्चारकर्मी सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

मितिः- २०८१/०४/०१
ने.सं.:- ११४४, दिल्लाथ्व १०, मङ्गलबार

उदय चन्द्र पौडेल
नगर प्रमुख


फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np